आज मिति २०७६ जेष्ठ २२ गते वुधवारका दिन यस टोखा नगरपालिकाका नगर-प्रमुख श्री प्रकाश अधिकारीज्यूको अध्यक्षतामा नगरकार्यपालिकाको चालिसौं कार्यपालिका वैठकमा देहाय वमोजिमको उपस्थित रह्यो ।

| क्र.स | पद | नाम थर | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | नगर प्रमुख | श्री प्रकाशअधिकारी | | |
| २ | उपप्रमुख | श्री ज्ञानमाया डंगोल | | |
| ३ | वडा अध्यक्ष | श्री श्रीकृष्ण अधिकारी | | |
| ४ | वडा अध्यक्ष | श्री दिपकराज जोशी | | |
| ५ | वडा अध्यक्ष | श्री सिंहराज श्रेष्ठ | | |
| ६ | वडा अध्यक्ष | श्री धर्मेन्द्र श्रेष्ठ | | |
| ७ | वडा अध्यक्ष | श्री जगन्नाथ ढकाल | | |
| ८ | वडा अध्यक्ष | श्री महेश्वर के.सी. | | |
| ९ | वडा अध्यक्ष | श्री नरोत्तम राना | | |
| १० | वडा अध्यक्ष | श्री केशव बहादुर खत्री | | |
| ११ | वडा अध्यक्ष | श्री जोग प्रसाद नेपाल | | |
| १२ | वडा अध्यक्ष | श्री मधुसुदन पाण्डे | | |
| १३ | वडा अध्यक्ष | श्री उत्तम अधिकारी | | |
| १४ | न.का.स | श्री पार्वती अधिकारी | | |
| १५ | न.का.स | श्री कल्पना घिमिरे | | |
| १६ | न.का.स | श्री जगतमाया महर्जन | | |
| १७ | न.का.स | श्री उर्मिला बि.क. | | |
| १८ | न.का.स | श्री शोभा तामाङ | | |
| १९ | न.का.स | श्री लिला भुजेल | | |
| २० | न.का.स | श्री बच्चु बस्याल | | |
| २१ | न.का.स | श्री सन्जिव सुनुवार | | |
| २२ | सदस्य सचिव / प्रमुख प्रशासकीय अधिकृत | श्री प्रदिप पौडेल | | |

Scanned by CamScanner

प्रस्तावहरु –

१. योजना तथा कार्यक्रममा तोक आदेश भएको रकम अनुमोदन एवं सम्शोधन सम्वन्धमा ।

२. आगामी आ.व २०७६/७७ को नीति, योजना तथा कार्यक्रम सहितको नगरसभा भव्य र सव्य रुपमा संचालन सम्वन्धमा।

३. विविध।

निर्णय नं. १

i. नगर प्रमुखको आदेशानुसार योजना सम्झौता गरी कार्यादेश दिईएका तपशिल वमोजिमका योजना तथा कार्यक्रमलाई अनुमोदन गर्ने साथै आगामी नगरसभावाट अनुमोदनका लागि पेश गर्ने निर्णय गरियो।

क. मिलन समाज टोल विकास संस्थामा वडा नं. ८ खानेपानीको पाईप , ढल तथा सडक ढलान कालोपत्रे आदि कार्यको लागि साविकमा विनियोजित रकमवाट नपुग हुने देखिएकोले सो कार्य पुरा गर्न थप गरिएको रु ४ लाख लाई अनुमोदन गर्ने।

ख. स्वास्थानी वासुको टोल वडा नं. ८ मा सडक कालोपत्रे कार्यको लागि साविकमा विनियोजित रकमले अपुग भएकोले सो पुरा गर्न थप गरिएको रु १ लाख २५ हजार अनुमोदन गर्ने।

ग. वडा नं. १ को मूल सडक मर्मत सम्हारको लागि रु ५० हजार मर्मत सम्हार कोषवाट उपलव्ध गराउन भएको आदेशलाई अनुमोदन गर्ने।

घ. पाँचतारे टोल सुधार समिति वडा नं. ११ को सडक ढलान कार्यको लागि रु १ लाख ५० हजार रकमको कार्यादेश दिईएकोमा सो रकम रु १ लाख ५० हजार अनुमोदन गर्ने।

ङ. वडा नं. ३ को मितेरीहाईट टोलमा ढल, वाल तथा सडक ग्राभेल एवं ढलान कार्यको लागि ६०-४० प्रतिशत लागत सहभागितामा संचालन गर्ने गरी रु १० लाखको कार्यादेश दिईएकोले सो रु १० लाख अनुमोदन गर्ने।

च. नेपा यूवा क्लव टोखालाई खेलकूद शिर्षकवाट उपलव्ध गराउने गरि कार्यादेश दिईएको रकम रु १ लाख अनुमोदन गर्ने।

छ. भान्चो पालिख्य टोल विकास संस्थालाई मर्मत सम्हार कोष शिर्षकवाट उपलव्ध गराउने आदेशानुसारको मर्मत सम्हार रकम रु ५० हजार अनुमोदन गर्ने।

ज. सेलो फाउण्डेशनले तामाङ् समुदायकको मौलिक सौन्दर्य, जीवनशैली,ज्ञान , परम्परा,संस्कृति झल्कने एवं तामाङ् समुदायसंग प्रत्यक्ष सरोकार राख्ने विषयवस्तु माथि वनेका फिल्म , डकुमेन्ट्रि प्रदर्शनको लागि आवश्यक सहकार्य तथा सहयोगार्थ आदेशानुसार कार्यादेश दिईएको रकम रु १ लाख अनुमोदन गर्ने।

झ. वडा नं. ११ को ओमशान्ति नजिक सडकमा ढल लिक मर्मतको लागि आदेश भएको रकम रु ३३ हजार अनुमोदन गर्ने।

Scanned by CamScanner

ञ. वडा नं. २ को थलाग टोल भू-क्षय संरक्षणको लागि रिटेनिङ्ग वाल निर्माण कार्यको लागि कार्यादेश दिईएको रकम रु ४ लाख ३० हजार अनुमोदन गर्ने ।

ट. अपरमेघासिटी टोल ईलाका वडा नं. ३ को क्षेत्रमा सडक ढलानको लागि समपुरकोषवाट थप रु ७ लाख थप गर्ने आदेशानुसार कार्यादेश दिईएकोमा उक्त ७ लाखलाई अनुमोदन गर्ने ।

ii. वडा कार्यालयवाट साविकमा विनियोजन गरिएको योजना तथा कार्यक्रमलाई संशोधन गरि कार्यान्वयको लागि सिफारिस गरिएका तपशिल वमोजिमका योजना तथा कार्यक्रमलाई आगामी नगरसभावाट अनुमोदन हुने गरि संशोधन गरी कार्यादेश दिने निर्णय गरियो ।

| सि.नं. | वडा नं. | साविकमा विनयोजित कार्यक्रम | रकम | हाल विनियोजित कार्यक्रम | विनियोजित रकम |
|---|---|---|---|---|---|
| १ | २ | सि.नं. २५२(१७) भिल्लीटार प्रबेशद्धार निर्माण | ३ लाख | सि.नं. २५२(२२) वाट भुकनानी सिढी निर्माणमा साविकमा विनियोजित रकम रु ५ लाखमा थप ३ लाग गरी कार्या गर्न | ८ लाख |
| २ | ६ | सि.नं. ३८८(१०)ग्रिनल्याण्ड मुल बाटो देखि बाबुराम देवकोटाको घर हुंदै भित्री बाटो | ३ लाख | वडा नं. ६ को ढुगेधारा हुदै सुवर्ण सम्शेरपार्क हुदै दामोदर रेग्मीको घर सम्म वाटो ढलान गर्ने कार्य हाल ५ लाख थप गरि | १४ लाख |
| | | सि.नं. ३८८(११७)ग्रिनल्याण्ड मुल बाटो देखि भित्री बाटो नारायण पौडेलको घर सम्म ब्लक छाप्ने | १ लाख ५० हजार | | |
| | | सि.नं. ३८८(२०)कुंवर वस्ती ग्राबेल | १ लाख ५० हजा | | |
| | | नगर कार्यपालिकाको मिति २०७६-२-६ को विविध ५ को ३४ वाट विभिन्न सडकहरु स्तर उन्नती तथा ग्राभेल | ३ लाख | | |
| ३ | ४ | सि.नं.२८४ गार्डेन भ्यू देखि रामहरि श्रेष्ठको घर सम्मको वाटो विस्तार पिच | ५ लाख | भगवती मन्दिर देखि जनकल्याण चोक सम्मको मूल वाटो मर्मत | ५ लाख |
| | | सि.नं. ३०३ शेष प्रसाद मैनालीको घर देखि मुकुन्द अधिकारीको घर सम्म वाटो | २ लाख | संयम टोलमा ढल तथा व्लक विछयाउने | २ लाख |

Scanned by CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| | | सुधार | | | |
| | | नगर कार्यपालिकाको मिति २०७६-२-६ को विविध ५ को २७ वाट विभिन्न सडकहरु स्तर उन्नती तथा ग्राभेल | ३ लाख | जनकल्याण चोक देखि देउराली जनता फर्मास्यूटिकल प्रा.लि चोक सम्म मूल वाटो मर्मत सम्हार र धापासी मा.विको छाना मर्मत | ३ लाख |
| ४ | ६ | काजिमान मार्ग वाटोमा ढलान | १० लाख | काजीमान मार्ग वाटोमा व्लक छाप्ने कार्य | १० लाख |
| ५ | ३ | सि.नं. ३९ को टोखा पोखरी निर्माण | ५ लाख | वखुण्डोल टोलमा सडक ग्राभेल | ५ लाख |
| ६ | ३ | सि.नं.२७८(२.४) वडा कार्यालय मर्मत | २ लाख | फैडेले देखि चक्खु टोल सम्मलाई सडक मर्मत तथा ग्राभेल कार्य | ७ लाख |
| | | सि.नं. ३८ को हाँसल मन्दिर मर्मत | ३ लाख | | |
| | | सि.नं. २७८(२.३) को सडक ढल मर्मत | २ लाख | | |
| ७ | ३ | सुर्यदर्शन हाईट विष्णुलामाको घर देखि हरि रानाभाटको घर -कविताको घर सम्म सडक ढलान कार्यको लागि जनसहभागिता ४०% र नगरपालिका ६०% लागत सहभागितामा संचालित | १५ लाख | मनकामना टोल विकास संस्थाको ईलाकामा सडक ढलान गर्ने कार्य नगरपालिका ६०% र जनसहभागिता ४०% लागत सहभागिता | १५ लाख |
| ८ | ७ | गत कार्यपालिका वैठकको विविधको ३९ नं. वाट नगरपालिका अगाडी शिवमुर्ति देखि उर्मिला वि.क को घर अगाडी सम्म् सडक कालोपेत्र | ल.ई अनुसार विनियोजन गर्ने | नगरपालिका अगाडी शिवमुर्ति देखि उर्मिला वि.क को घर अगाडी सम्म् सडक ढलान गर्ने गर्ने कार्य | ल.ई अनुसार रकम विनियोजन |

Scanned by CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| | | गर्ने गर्ने कार्य | | | |

निर्णय नं. २ आगमी आ.व २०७६/७७ को नीति तथा कार्यक्रम सहितको नगरसभा व्यवस्थित रुपमा संचालन गर्नको लागि विभिन्न् समिति तथा विषयविज्ञ महानुभावहरु संग आवश्यक छलफल परामर्श गरी भव्य र सव्य रुपमा नगरसभा सम्पन्न गर्नको लागि तपशिल वमोजिमका नीति तथा कार्यक्रमहरुलाई समावेश गर्ने निर्णय गरियो।

क. योजना तथा कार्यक्रमहरु प्राथमिकताको आधारमा छनौट गरिनेछ।

ख. नगरपालिका कार्यालयले योजना तथा कार्यक्रमहरु छनौट गर्दा अल्पकालिन र दीर्घकालीन खालका योजनामा वर्गीकरण गरिनेछ। दीर्घकालीन प्रकृतिका योजनाहरुलाई वहुवर्षीय कार्यक्रममा समावेश गरिनेछ।

ग. सवै नगरवासीहरुलाई उज्यालो पुर्याउनको लागि मेयर उज्यालो कार्यक्रम संचालन गरिनेछ।

घ. शान्ति सुरक्षाको उचित प्रवन्ध मिलाउन मुख्य मुख्य स्थानहरुमा CCTV जडान गरिनेछ।

ङ. आर्थिक, सामाजिक, पूर्वाधार, वातावरण तथा विपद् व्यवस्थापन, संस्थागत विकास सेवा प्रवाह तथा सूशासन एवं भाषिक,धार्मिक,सांस्कृतिक,पर्यटकीय,ऐतिहासिकता,मौलिकता लगायत सवैक्षेत्रलाई नीति तथा कार्यक्रममा समावेश गरि संघीय सरकार र प्रदेशसरकार संग तालमेल हुने किसिमले तयार गरिनेछ।

च. चालु आ.व देखिनै प्राथमिकतामा परेका एक वडा एक पार्कलाई निरन्तरता दिदै आवश्यक वजेट विनियोजन गरिनेछ ।

छ. कार्यालय भवन तथा वडा कार्यालय भवन निर्माण गरिनेछ।

ज. विकास निर्माणमा जनसहभागितालाई वढावा दिन समपुरक कोषको व्यवस्था गरिनेछ।

झ. नगरमा वालमैत्री स्थानीय शासन लागू गर्नको लागि आवश्यक सूचकहरु पुरा गरि वडागत रुपमा वालमैत्री घोषणा गरिनेछ।

ञ. नगरवासीलाई खानेपानीको समश्या समाधान गर्न आवश्यक स्थानहरुमा डिपवोरिङ् गर्ने कार्यलाई प्राथमिकता दिईनेछ।

ट. नगर क्षेत्रमा रहेका सवै सार्वजनिक सम्पतिहरुको अभिलेख तयार गरी सार्वजनिक भवन,जग्गा,गुठीघरहरु संरक्षण गरिनेछ।

ठ. नगरपालिकाको विकास निर्माण लगायत अन्य सवै किसिमका गतिविधिहरुलाई थप सशक्त वनाउन अध्ययन अवलोकनका साथै मित्रवत सम्वन्ध कायम गराउन अन्तर नगर भगिनी सम्वन्ध कायम गर्नको लागि आवश्यक वजेट व्यवस्था गर्ने।

ड. सामुदायिक विद्यालयमा अध्ययनरत वालवालिकाहरुलाई विद्यालयजान थप उर्जा प्रदान गर्न मेयर दिवा खाजा कार्यक्रमलाई कार्यान्वयन गर्न आवश्यक वजेट व्यवस्था गर्ने।

ढ. यूवा शक्तिलाई प्रविधिमैत्री एवं दक्ष वनाउन प्राविधिक शिक्षालयको स्थापनामा विषेश जोड दिदै शिक्षालय स्थापनामा संघीय सरकारका संग आवश्यक पहल गर्ने।

Scanned by CamScanner

ण. नगरपालिका भित्र रहेका सवै विद्यालयहरुमा योगकक्षा संचालनको गर्ने व्यवस्था मिलाउन आवश्यक नीति अख्तियार गर्ने । साथै सवै सामुदायिक विद्यालयहरुलाई प्राविधिक शिक्षासंग जोड्न अभिप्रेरित गर्ने ।

त. पदमार्ग निर्माणलाई उच्च प्राथमिकतामा राखि कार्य अगाडी वढाउने ।

थ. यूवा तथा खेलाडीहरुको भावनालाई उच्च् मूल्याङ्कन गर्दै भूतखेल चौरको समग्र विकास सहित नगरस्तरीय खेलकूद मैदान निर्माणको लागि आवश्यक प्रवन्ध मिलाउन पहल गर्ने ।

द. आगामी आव देखि नगरपालिकावाट संचालन गरिने पुर्वाधार निर्माणका रु १० लाख भन्दा ठूला योजनाहरु ठेक्का प्रकृयाद्धारा संचालन गर्ने व्यवस्था मिलाउने ।

ध. नगरपालिका प्रवेशका मुख्य मुख्य सडकहरु सामाखुशी-टोखा झोर सडक,ग्रीनल्याण्ड -दाहाल गौडा -वसुन्धरा सडक,गोगंवु चोक-मनोहरतिर्थ-जालुपाचोक-धनेश्वर भत्केकोपुल सडक, वसपार्क-विष्णुमति -मनोहरतिर्थ - साङ्गलेखोला-भत्केकोपुल-दल्खु-भिल्ली पंचेटार सडक मर्मत सम्भारको लागि आवश्यक रकम व्यवस्था गर्ने ।

न. नगरका सवै कालोपत्रे सडकहरुलाई मर्मत सम्हारको लागि आवश्यक रकम व्यवस्था गर्ने ।

ऩ. वातावरण तथा विपद् व्यवस्थापनका क्षत्रमा विषेश कार्यक्रमरु संचालन गर्दै कुहिने फोहोरवाट कम्पोष्ट मल वनाउन कम्पोष्ट विन वितरण कार्यलाई आवश्यक रकम व्यवस्था मिलाउने ।

प. आगामी आ व को वडागत योजना तथा कार्यक्रम प्रथमिकीकरण गरि रकम सहित पेश गर्न वडागत रुपमा रु १ करोड ५० लाख वजेट सिलिङ्को अधिकार दिने निर्णय गरियो साथै उक्त रकमवाट लक्षित वर्गका कार्यक्रमहरु संचालन गर्नको लागि रु १० लाखको कार्यक्रमहरु सिफारिस गर्दा दलितलाई न्यूनतम रु १ लाख , जनजातिलाई न्यूनतम रु १ लाख राखी अन्य वर्गलाईसमेत समावेश गरी वजेट विनियोजन गर्ने व्यवस्था मिलाउनु पर्ने । पुर्वाधार निर्माण तर्फ एकवटा योजना कम्तिमा रु २५ लाख वरवारको, र ५ वटा योजना कम्तिमा १० लाख वरावरको सिफारिस हुनु पर्ने साथै उल्लेखित योजना तथा कार्यक्रमहरु यहि २०७६ जेष्ठ मसान्त भित्र नगरपालिका कार्यालय पेश गर्नु पर्ने निर्णय गरियो ।

निर्णय नं. ३ विविध

क. भिन्न क्षमता भएका व्यक्ति एंव जेष्ठनागरिकहरुलाई सशक्तिकरणको लागि सहयोगी सामाग्री वितरण तथा प्रबोधिकरण कार्यक्रम संचालनको लागि विषेश कार्यक्रम संचालनको लागि राष्ट्रिय अपाङ्ग पुनस्थापना केन्द्र नेपालले २ वटा वडाकार्यालयहरुका व्यक्तिहरुलाई समावेश गरि कार्यक्रम गरिएकोमा पुनह: अन्य वडाहरुमा पनि प्रभावकारी रुपमा कार्यक्रम संचालन गर्नको लागि माग गरिएकोले ३ वटा वडा अन्तर्गतका भिन्नक्षमता भएका व्यक्ति एंव जेष्ठनागरिकहरुलाई समावेश गरि कार्यक्रम संचालनको लागि राष्ट्रिय अपाङ्ग पुनस्थापना केन्द्र नेपाल मार्फत उक्त कार्य गर्न रु ४ लाख विनियोजन गर्ने निर्णय गरियो ।

Scanned by CamScanner

ख. गत आ व मा संचालन भएका योजनाहरुको सामाजिक परीक्षण कार्यको लागि रकम रु ५ लाख विनियोजन गर्ने निर्णय गरियो ।

ग. वडा नं. ८ को मेलमिलाप टोल विकास संस्था अन्तर्गत विष्णुमति किनारको वाटो स्तरउन्नती एवं सडक ग्राभेल कार्यको लागि रु २ लाग विनियोजन गर्ने ।

घ. ग्रीनल्याण्ड - दाहालगौडा सडकको विन्दावासीनि मन्दिर अगाडी सडक ढलान कार्यको लागि रकम रु ७ लाख विनियोजन गर्ने,उल्लेखित सडकमा भएको खुल्डाखुल्डीहरु मर्मत सम्हार गरी अविलम्व यातायात सहज वनाउन सडक ग्राभेल तथा मर्मतको लागि रु ५ लाख विनियोजन गर्ने निर्णय गरियो ।साथै उक्त सडक सडक विभागवाट कालोपत्रे गर्ने कार्य नहुने भएमा नगरपालिकावाट ल.ई अनुसारको आवश्यक रकम विनियोजन गरि सडक कालोपत्रे गर्ने निर्णय गरियो ।

ङ. धापासी मा.वि परिषरको पूर्वपट्टी भिरालो भागमा सुख्खा पहिरो गएकोमा वातावरण तथा विपद् व्यवस्थापन समितिको सिफारिस समेतको आधारमा उक्त कार्य सम्पन्न भएकोले प्राविधिक ल.ई एंव मुल्याङ्कन अनुसारको रकम रु २ लाख ८६ हजार भुक्तानी उपलब्ध गराउने निर्णय गरियो ।

च. वडा नं. ९ को वजाज शोरुम देखि साझाचोक निस्कने सडक ढल व्यवस्थापनको लागि रु ३ लाख विनियोजन गर्ने निर्णय गरियो ।

छ. वडा नं. २ को थरखेल पार्क निर्माणको लागि आवश्यक गुरुयोजना निर्माणको लागि रु २० लाख विनियोजन गर्ने निर्णय गरियो ।

ज. वडा नं ९ को गत आ.व मा स्वीकृत योजना शिलवन्दी कोटेशन मार्फत निर्माण कार्य भएको Installation of Hume Pipe Contract ID 12-2074/75 को लागत अनुमानमा पुर्वानुमान हुन नसकि थप गर्नु पर्ने रकम संम्झौता रकमको ३४.९६ प्रतिशत रकम थप रु ५९६८५१.७० को भेरियसन सदर गरी उक्त ठेक्का कम्पनीको ठेक्का अवधि २०७५-३-२० देखि २०७६ मंसिर मसान्त सम्मको म्याद थप र भेरियस आगामी नगरसभावाट अनुमोदन गर्ने गरि निर्णय गरियो ।

झ. वडा नं. ११ को ओमशान्ति भवन नजिक मंगाल तथा ढल निर्माण मर्मत सम्हारको लागि गत आ.व को रकम वडा नं. ११ को मर्मत सम्हार शिर्षकवाट उपलव्ध गराउने निर्णय गरियो ।

ञ. यस नगरपालिका वडा नं. ९ तथा तारकेश्वर न.पा को मनमैजु क्षेत्रमा रहको विष्णुमति नदी माथिको घले पुल अत्यन्त साँगुरो भै हाल निर्माणको चरणमा रहेकोले उक्त पुल निर्माण सम्पन्न नहुँदा सम्मको लागि सोहि आसपासमा पैदलयात्रीको हितका लागि अस्थायी पुल निर्माण गर्न अत्यावश्यक भएकोले उक्त कार्यको लगि तारकेश्वर न.पा र टोखा न.पा को संयुक्त लगानीमा निर्माण गर्न ताकेश्वर न.पाले लागत सहभागिता व्यहोर्ने भएमा यस नगरपालिकाले अस्थायी पूल निर्माणको लागि लागत व्यहोर्नको निर्णय गरियो ।

ट. वडा नं. ७ - ११ को टोखा मूल सडक ओमप्लाजा-ससेजफ्याक्ट्रि देखि मैजुहिटीधारा सम्म खानेपानी पाईपलाईन विस्तार कार्यको लागि रु ५ लाख विनियोजन गर्ने निर्णय गरियो ।

Scanned by CamScanner

ठ. १० नं. वडा कार्यालयको भूई तल्लामा शहरी स्वास्थ्य क्लिनिङ्क राख्नको लागि आवश्यक प्रवन्ध मिलाउन नगरपालिका कार्यालयलाई अनुरोध गर्ने निर्णय गरियो।

ड. वडा नं. १० को मनोहर स्कूल पछाडि ढल राख्ने कार्यको लागि रकम रु ५ लाख थप विनियोजन गर्ने निर्णय गरियो।

ढ. वडा नं. १० को राधाकृष्ण टोलमा ढल व्यवस्थाको लागि आवश्यक प्रवन्ध मिलाउने।

ण. वडा नं १० को खरिवोट तल ढल मंगाल मर्मत सम्हारको लागि आवश्यक व्यवस्था मिलाउने।

त. वर्षात तथा अन्यकारणवाट तत्काल आईपर्ने मर्मत सम्हारका कार्य सदैव नगरपालिकाले प्राविधिक ल.ई एवं मूल्याकनका आधारमा कार्य सम्पादन गर्ने।

थ. वडा नं १ को कुखुरा व्यावसायी श्रीकृष्ण लामिछानेलाई निजको सवै कुखुराहरु मरेकोले राहात स्वरुप पुनह कुखुरापल्न प्रोत्साहन गर्न रु ५० हजार उपलब्ध गराउने । साथै वडा नं ९ का ग्यास व्यससायी श्याम ढुगाँनालाई निजको कारखानामा ग्यास सिलिन्डर विस्फोट भई मानविय क्षति समेत भएकोले निजलाई राहत स्वरुप रु ५० हजार उपलब्ध गराउने।

द. वडा नं ९ को लवढुंगानाको घर देखि प्रहरीचौकी तर्फ निस्कने सडका ढल राख्ने कार्यको लागि साविकमा विनियोजन भएको रकमले कार्य सम्पन्न् नहुने अवस्था रहेकोले सो कार्य सम्पन्न् गर्नको लागि रु २ लाख थप विनियोजना गर्ने निर्णय गरियो।

ध. वडा नं ९ को भैपरी शिर्षकमा विनियोजित रकम मध्येवाट व्लक विछ्याउने कार्यमा खर्च गर्ने।

न. ऐतिहासिक विष्केटजात्राको अवसरमा वडा नं.३ को ईलाकामा रंगरोगन गरिएकोले सो कार्यको लगि वडा कार्यालयको सिफारिसको आधार एवं प्राविधिक मूल्याङ्कनको आधारमा संस्कृति संरक्षण कोषवाट रकम रु १ लाख भुक्तानी उपलव्ध गराउने।

ऩ. वडा नं ७ वसुन्धारा चौकी देखी जनार्दन ढकालको घर अगाडिको भित्री वाटोमा रु २५००००।– रकम विनियोजन गर्ने।

प. वडा नं. ६ को ढुंगेधारा देखि सुवर्ण शम्शेर पार्क हुदै दामोदर रेग्मीको घर सम्म् सडक ढलानको लागि कार्यको लागि नपुग भएको रकम रु ५ लाख थप गर्ने निर्णय गरियो।

फ. वडा नं १० प्रयास नगर सडक कालो पत्रेलाइ रु ३०००००।– र टोकियो वजार ढल निर्माणको लागि रु३०००००।– थप गर्ने निर्णय गरियो।

ब. वडा नं ९ स्थानीय पुर्वाधार विकास साझेदारी कार्यक्रमको लागि खानेपानी डिप ट्यूवेल निर्माणको लागि रकम रु २५ लाख विनियोजन भएकोमा सो रकमले मात्र कार्य सम्पन्न नहुने भएकोले सो कार्य सम्पादनको लागि थप रु २२ लाख नगरपालिकाको राजस्ववाँडफाँडवाट प्राप्त थप आम्दानीवाट विनियोजन गर्ने निर्णय गरियो।

Scanned by CamScanner

भ. वडा नं ४ को प्रकृति नगर अन्तर्गत पूर्ण श्रेष्ठको घर देखि भेटघाट चोक निस्कने वाटोको लागि विनियोजित रकम अपुग भएकोले उल्लेखित सडक ढलान कार्यको लागि रकम रु १० लाख विनियोजन गर्ने निर्णय गरियो।

म. राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठानको यस नगरपालिका वडा नं. ७ मा वन्न लागेको लोकदोहरी प्रतिष्ठानको भवन निर्माणको लागि रु १० लाख विनियोजन गर्ने निर्णय गरियो।

य. वडा नं. ३ को चापापाचा सडक ढलान कार्यको लागि रु ७ लाख विनियोजन गर्ने निर्णय गरियो।

र. टोखा नगरपालिकाको गत नगरसभाको सि.नं.५४१ वाट वडा नं. ४ –११ कमा वडाहरु मध्ये २ स्थानमा डिपवोरिङ्ग कार्यको लागि विनियोजित रकमले २ वटा स्थानमा डिपवोरिङ्ग गर्न नपुग हुने भएकोले थप राजस्व आम्दानीको रकमवाट व्यहोर्ने गरी रु ३० लाख थप गरी यस आ.व को सवै डिपवोरिङ्गहरु निर्माण गर्ने कार्यको लागि काठमाडौ उपत्यका खानेपानी लि.महाराजगञ्ज शाखासंग आवश्यक सम्झौता गरी सवै ५ वटै स्थानमा डिपवोरिङ्ग कार्यको कामहरु सम्पादन गर्न KUKL महाराजगञ्जमा विनियोजित रकम अनुदानका रुपमा उपलव्ध गराई प्रचलित कानून वमोजिम खर्च गरी सो को लेखापरीक्षण गरि प्रतिवेदन यस कार्यालयलाई उपलव्ध गराउने निर्णय गरियो साथै आगामी नगरसभावाट समेत अनुमोदनको लागि पेश गर्ने निर्णय गरियो।

ल.वडा नंको रमाईलो वस्ती टोलमा स्थानीय उपभो ३ .क्ता समितिको ४० प्रतिशत लागत सहभागिता र नगरपालिकाको ६० प्रतिशत लागत सहभागितामा समपुरक कोषवाट व्यहोरिने गरि सडक ढलान कार्य गर्नको लागि नगरपालिकावाट रु १० लाख विनियोजन गर्ने निर्णय गरियो।

व. वडा नंको श्रीस्वास्थानी वासुकी टोल विकास संस्था संग सोहि स्थानक ८ .ो सडक कालोपत्रे गर्ने क्रममा साविक लईमा लागत सहभागिता न्यूनतम् लागत सहभागिता भन्दा वढी भएको र सो वरावरको कार्य. सम्पादन गर्न उपभोक्ता समितिले नसक्नेअवस्था सृजना भएकोले नगरपालिकावाट रु १ लाख २५ हजार थप गर्ने निर्णय भएकोले साविक लई मा भएको उपभोक्ताको लागत. सहभागिता न्यूनतम् २० प्रतिशतमा नघट्ने गरी ल ई सम्शोधन गरी थप रकम समावेश गरि भुक्तानी दिने निर्णय गरियो।.

श. वडा नं. ३ को झुण्डोल पार्क निर्माणको लागि मिति २०७६/१/२६ मा भएको सम्झौतानुसार काम गर्दा वर्षाको कारणले फिलिङ्ग गरेको माटो माथि व्लक छाप्दा भासिने भएकोले उक्त रकम वरावरको काम ढुगाँको वाल वनाउन साविकको ल.ई मा संम्शोधन गर्ने निर्णय गरियो।

ष. नगरप्रमुखज्यूको तोक आदेशानुसार खेलकूद शिर्षकवाट खर्च लेख्ने गरी पछि कार्यपालिका बै७कवाट अनुमोदन हुने गरी कार्य अगाडी वढाउन तोक आदेश भएका तपशिल वमोजिमका कार्यक्रमहरुलाई तोक आदेशअनुसारका रकम अनुमोदन गर्ने निर्णय गरियो।

i. वडा नं. ८ मा रहेको पंच कुमारी यूवा क्लवलाई सि डिभिजन खेलकूदमा सहभागिहुनको लागि रु १ लाख ५० हजार।

Scanned by CamScanner

ii. अल नेपाल वादोकाई कराँते दो एसोसियसनलाई खेलकूद कार्यक्रम संचालनार्थ रु १ लाख

iii. नेपाल वादोरियो कराँते संघलाई खेलकूद कार्यक्रम संचालनार्थ रु १ लाख

iv. वडा नं. ४ का अन्तराष्ट्रिय विश्व फैन्सिगं चैम्पियनसिपमा सहभागि हुने अन्तराष्ट्रिय खेलाडी अनिल भण्डारीलाई रु ५० हजार सहयोग दिने ।

स. वडा नं. ३ को चागल टोल विकास संस्थाको साविकमा भएको ल.ईमा ईट्टा सोलिङ् रहेकोमा सो स्थानमा ईट्टाको सट्टा ढुगाँ सोलिङ् गरि ढलान गर्नु पर्ने भएकोले साविकको ल.ईमा Revised गरि सम्शोधन गर्ने निर्णय गरियो ।

ह. वडा नं. ८ को एकता टोल विकास समितिको सडक ढलान कार्यको लागि नगरपालिकावाट ६० प्रतिशतर स्थानीय उपभोक्ता समितिवाट ४० प्रतिशत लागत सहभागिता व्यहोर्ने गरि नगरपालिकावाट रु १ लाख २० हजार रकम विनियोजन गर्ने निर्णय गरियो ।

क्ष. अघिल्लो कार्यपालिकाको वैठकले योजना सम्झौताको लागि समय सिमा जेष्ठ २० गते तोकिएकोमा केहि अधुरा योजनाहरु सम्पन्न गर्न आजको वैठकले रकम थप गरेकाले योजना सम्झौताको सिमा २०७६ जेष्ठ मसान्त सम्म थप गर्ने निर्णय गरियो ।

नोट: माथि शिर्षक नखुलेको योजना तथा कार्यक्रमको हकमा राजस्व वाँडफाँडवाट प्राप्त भएको थप आम्दानीवाट रकम व्यहोर्ने र उक्त सवै योजना तथा कार्यक्रमहरुलाई आगामी नगरसभावाट समेत अनुमोदनका लागि पेश गर्ने निर्णय गरियो ।

Scanned by CamScanner